क.दर्ता नं. १६७९०३/०७३/०७४

इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/६९/०७४/०७५

# समाज लघुवित्त वित्तीय संस्था लिमिटेड
# Samaj Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको संस्था)

(३ जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय मलंगवा, सर्लाही फोन ०४६-५२१७९५
Email: samajlbsl@gmail.com, URL : www.samajlaghubitta.com.np

## बिशेष साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति २०७९/०३/१९

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस समाज लघुवित्त वित्तीय संस्थाको मिति २०७९असार १८ गतेका दिन बसेको सञ्चालक समितिको ८२ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्ने निम्न लिखित मिति,समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन को दफा ६७ (२) बमोजीम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति,समय र स्थान ।

मिति : २०७९/०४/०६ गते शुक्रवार, तदनुसार २२ जुलाई २०२२ शुक्रबार ।

स्थान : जानकी फेमली होटल एण्ड लज, मलंगवा, सर्लाही ।

समय : विहानको ११:०० वजे ।

*छलफलका विषयहरु :-*

*क) बिषेश प्रस्ताव-*

१. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।

२. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात् बन्ने लघुवित्त वित्तीय संस्थाको नाम नेपालीमा "स्वस्तिक समाज लघुवित्त वित्तीय संस्था लिमिटेड" र अंग्रेजीमा "SWASTIK SAMAJ LAGHUBITTA BITTIYA SANSTHA LIMITED" कायम गरि सो नामबाट वित्तीय कारोवार गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने तथा गाभिने संस्थाको चल अचल सम्पत्ति, दायित्व र कारोवारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit-DDA) गर्न संयुक्त मर्जर समितिबाट लेखापरीक्षक (DDA) मुल्याङकनकर्ता नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारीस बमोजिम लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्वन्धी निर्णयलाई अनुमोदन गर्ने ।

४. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने तथा गाभिने संस्थाको चल अचल सम्पत्ति, दायित्व र कारोवारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit-DDA) प्रतिवेदन तथा सो समेतको आधारमा निर्धारण गरिएको शेयर स्वाप आदान प्रदान अनुपात (Share Swap Ratio) एक बराबर एक (१:१) पारीत गरी मर्जरलाई स्विकृती प्रदान गर्ने ।

५. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड विच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding, MOU) संयुक्त मर्जर समिति गठन एंव संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियारी प्रदान गर्ने, अन्तिम समझदारीपत्रमा हस्ताक्षर गर्ने, सञ्चालक समितिको निर्णय तथा सो सम्बन्धमा भएका काम कारबाही तथा खर्चलाई अनुमोदन गर्ने ।

६. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) पश्चात गठन हुने सञ्चालक समितिमा यस लघुवित्त वित्तीय संस्था लिमिटेडले वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्वन्धी सम्पन्न समझदारीपत्र (Memorandumof Understanding, MOU) मा तोकिए बमोजिमको सञ्चालकहरु तोक्ने तथा गाभिए पछि बन्ने संस्थाको सञ्चालक समितिमा स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडवाट चयन भई आउनुहुने सञ्चालकहरुलाई पदस्थापना एवं अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

७. यस लघुवित्त वित्तीय संस्था लिमिटेडमा हाल रहेका संस्थापक समूहका सञ्चालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकी रहेको भएता पनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साविक दुवै लघुवित्त वित्तीय संस्थाहरुवाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भएपश्चात विद्यमान संस्थापक समूहको सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने सदस्यहरुलाई नियमानुसार निरन्तरता दिने साथै नयाँ सञ्चालक समितिको संस्थापक समूहको सदस्यहरुको कार्यकाल समेत गाभिएपछि बन्ने संस्थाको प्रथम वार्षिक साधारणसभा नभएसम्म मात्र कायम रहने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

८. समाज लघुविन्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सिलसिलामा कुनै कार्य गर्न वा नेपाल राष्ट्र बैक वा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियामक निकायबाट मर्जरको अन्तिम स्वीकृति प्राप्त गर्ने सिलसिलामा कुनै निर्देशन प्राप्त भई सो अनुसारको निर्णय गर्नुपर्ने भएमा वा मर्जर प्रक्रियालाई सफलतापुर्वक सम्पन्न गर्न कुनै थप निर्णय गर्नुपर्ने भएमा सो सम्बन्धी सम्पुर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियार प्रदान गर्ने ।

९. मर्जर पश्चात वन्ने स्वस्तिक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय महोत्तरी जिल्ला वर्दिवास नगरपालीकामा राख्ने साथै, सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

१०. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछी बन्ने वित्तीय संस्था स्वस्तिक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको अधिकृत पुँजी रु. १० करोड, जारी पूँजी रु. ४ करोड र चुक्त पुंजी ३ करोड २० लाख कायम गरी एकिकृत कारोबार गर्ने । स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयरधनीले राखेको Call in advance मा रहेको रु २,२६,५०,०००/- मध्ये रु ५९ लाख २७ हजार स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयरधनीहरुले फिर्ता लिने र बाँकी रहेको रु १,६७,२३,००० /- एकिकृत कारोवार पश्चात शेयरमा परिवर्तन गर्ने ।

११. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात शेयर पुँजी संरचना लगायत अन्य पारित भएका विषयहरुमा नियमनकारी निकायहरुबाट कुनै संशोधन/परिमार्जन/थपघट गर्न निर्देशन भएमा सोहि बमोजिमको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/परिमार्जन/थपघट गर्ने लगायत सम्पुर्ण कार्य गर्न गराउन सञ्चलाक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

*ख) विविध प्रस्तावहरु-*

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

१) साधारण सभामा भाग लिने इच्छुक शेयरधनी महानुभावहरुले आफनो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचयपत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ ।

२) साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले रीतपुर्वक प्रोक्सी फारम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय मलगवा, सर्लाहीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी नियूक्त गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।

३)सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । साधारण सभाका लागि हाजिरी पुस्तिका ११:०० बजेदेखि सभा समापन नहुन्जेल सम्मको लागि खुल्ला रहनेछ ।

४) शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मनतव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फवाट सामुहिक रुपले अध्यक्ष आफैले वा अध्यक्षवाट अख्तियार प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन ।

५) छलफलका विषय अर्न्तगत विविध शिर्षक सम्बन्धमा छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर सो विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

६) उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नु परेमा कुल शेयर पूंजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

७) साधारण सभा सम्वन्धी अन्य जानकारीका लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय मलगवा सर्लाहीमा कार्यालय समय भित्र टेलिफोन नम्बर ०४६-५२१७९५ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।